नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
भदौ/असोज २०७१ (September 2014) वर्ष १८/अङ्क २१०

# म र मेरो परिवार

- पाष्टर डा. राजेन्द्र रोंगोंग

म एक स्वतन्त्र व्यक्ति हुँ ता पनि म एउटा परिवारको सदस्य हुँ। एफिसी ५:२२-२९, ६:१-९ अनुसार परिवार एउटै घरमा बस्ने श्रीमान-श्रीमती; छोरा-छोरी, मालिक-सेवकले बनेको हुन्छ।

बाइबलमा परिवारसम्बन्धी छुट्टै वा विशेष रूपमा व्याख्या नगरिएता पनि, परिवारबारे अनेकौं संदर्भहरू पाइन्छन्। ती मध्ये केही सम्बन्धित संदर्भको चर्चा गरिएको छः

**परिवारबाट परमेश्वर के चाहनुहुन्छ ?**

१. पृथ्वीमा पहिलो परिवार परमेश्वरले सृष्टि गर्नुभयो। आदम र हव्वा (श्रीमान र श्रीमती) लाई आफ्नै स्वरूपमा सृष्टि पृथ्वी र त्यसमा भएका सबै कुराहरू उनीहरूको अधिकारमा दिनुभयो (उत्पत्ति १:२७-३०)।

परमप्रभु परमेश्वरले परिवारबाट उहाँले सृष्टि गर्नुभएको सबै कुराहरूको सेवा र हेरचाह गर्ने अपेक्षा राख्नुभएको थियो।

यहोशूले यो तथ्यलाई राम्ररी बुझेका थिए। उनले आफूसँग मिश्रबाट छुट्कारा पाइआएका इस्राएलीहरूलाई चुनौती दिँदै यो भनेका थिए, "...तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं" (यहोशू २४:१५)।

यसैले परमेश्वरमाथि विश्वास गर्ने, उहाँसित व्यक्तिगत सम्बन्ध भएका प्रत्येक परिवारबाट परमेश्वरको महिमा र उहाँले सृष्टि गरी मानिसहरूलाई अधिकार दिनुभएको कुराहरूको ठीक हेरचाह अथवा व्यवस्थापन गरेको चाहनुहुन्छ।

**परिवार बलियो हुनुपर्छ**

परमेश्वरको इच्छा पूरा गर्नलाई परिवारलाई बलियो हुनुपर्ने अति आवश्यक छ। परमेश्वरलाई विरोध गर्ने शैतानलाई यो थाहा छ यसैले शुरूदेखि नै त्यसले परिवारलाई कमजोर पार्ने कोशिष गर्दै आएको छ।

परिवारलाई कमजोर गर्ने वा नाश गर्ने त्यसको सशक्त प्रयास जारी छ। अहिले यो समयमा सायदै यस्ता परिवार होला जहाँ शैतानको आक्रमण भएको छैन। त्यसलाई यो थाहा छ कि परिवारहरूले परमेश्वरको सेवा गरेमा परमेश्वरको राज्यको विस्तार हुन्छ र साथै बलियो पनि।

यसैले शैतानले परिवारमाथि आक्रमण गरेको छ र परमेश्वरको राज्यको वृद्धिअनुसार त्यसले आफ्नो आक्रमणलाई तीव्र पार्दै लगेको छ। त्यसको आक्रमण देखिने रूपमा वा उग्र रूपमा नआउला तर अत्यन्त चलाखीपूर्ण अर्थात् हामीलाइ थाहै नहुने गरी परिवारमाथि निरन्तर हमला गरिरहेछ।

**परिवार कसरी बलियो हुन्छ ?**

परिवारलाई बलियो बनाउने तत्व प्रेम हो। परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८), यसैले उहाँका सबै कामको आधार प्रेम नै हुनुहुन्छ। उहाँले पहिलो परिवार सृष्टि गर्नुभयो, त्यो प्रेममा आधारित थियो। एफिसी ५ अध्यायमा श्रीमान-श्रीमती, बाबु-आमा, छोरा-छोरी, मालिक-सेवक सबैको सम्बन्ध प्रेममा आधारित हुनुपर्ने जोड दिएको छ। परिवारको सम्बन्ध बलियो हुनु र नहुनुमा परिवारलाई बाँध्ने तत्व प्रेममा भर पर्दछ।

यस्तो प्रेम मानिसको कोशिषबाट हुन सक्दैन। मानिसबाट उपज भएको प्रेम धोकापूर्ण छ। धर्म शास्त्रअनुसार "मानिसको मन (हृदय) सबैभन्दा छली हुन्छ" (यर्मिया १७:९)। हाम्रो परिवारलाई बलियो बनाइराख्न "...पवित्र आत्माद्वारा हाम्रो हृदयमा खन्याइएको प्रेम" (रोमी ५:५) चाहिन्छ। यो प्रेमको वर्णन १ कोरिन्थी १३:४-८ मा प्रष्ट पारिएको छ।

आपसी प्रेमका साथै परिवारको वेदी पनि बलियो हुनुपर्छ। वेदी भनेको त्यो ठाउँ जहाँ हामी परमेश्वरसित भेट्छौं। यसको लागि कुनै विशेष स्थान चाहिँदैन। सुत्ने कोठा, चूल्हा, बार्दली जहाँ सँगै बसेर परमेश्वरसँग संगति गर्न सक्छौं त्यही नै वेदी बन्दछ। संगतिको अर्थ परमप्रभुसँग समय बिताउनु हो। पहिले स्तुति प्रशंसा, बाइबल पढाइ अनि प्रार्थना अर्थात् शनिबारको दिन मण्डली भवनमा गरिने सबै कुरा जस्तै गर्नुपर्छ भन्ने होइन।

माथिको भनाइबाट यी सबै कुरा गर्नु हुँदैन भनेको होइन। तर प्रभुको वेदीमा जानुको अर्थ परमेश्वरसँग भेट गर्नु हो, उहाँको स्तुति-प्रशंसा गर्नु हो, उहाँको वचन सुन्नु हो, आफ्ना बिन्तीहरू राख्नु हो। यी सबैले हामीलाई परमेश्वरको नजीक राख्दछ। जब हामी परमेश्वरको नजीक रहन्छौं शैतानले हामीलाई आक्रमण गर्न सक्तैन।

नहेम्याह र बेबिलोनको कैदबाट फर्केका इस्राएली कैदीहरूले मुक्त भएर यरूशलेममा परमेश्वरको मन्दिर मर्मत गर्न लागेका थिए, शत्रुहरूले उनीहरूको काममा बाधा दिन थाले। नहेम्याह उनीहरूका अगुवा थिए। उनी परमेश्वरका भय मान्ने व्यक्ति थिए। उनीहरू संख्यामा थोरै थिए, शत्रु धेरै र शक्तिशाली तर उनी डराएनन् किनकि उनी परमेश्वरमा विश्वास गर्थे।

**नहेम्याहले के गरे हेरौं**

"...तब उठेर मैले ती सबको निरीक्षण गरें र भारदारहरू, अधिकृतहरू र सबै मानिसलाई यसो भने, उनीहरूसँग नडराओ महान र भययोग्य परमप्रभुको सम्झना गर, र आफ्ना दाज्यू-भाइ, छोरा-छोरी, पत्नी र घरहरूका निम्ति युद्ध गर" (नहेम्याह ४:१४)।

यही नै उनीहरूको सफलताको आधार भयो उनीहरूले आफ्नो काम, जो परमेश्वरको इच्छाअनुसार थियो, पूरा गरे।

हामी पनि लडाईंमा छौं। हाम्रो लडाईं सांसारिक लडाईं होइन "हामीहरूको शरीर र रगतको विरूद्ध होइन, तर प्रधानताहरूका र स्वर्गीय स्थानहरूमा भएका दुष्टचाईंका आत्मिक सेनाहरूको विरूद्ध हो" (एफिसी ६:१२)। यही हो शैतानको आक्रमण र हाम्रो लडाई। यस लडाईंको निमित्त परमेश्वरले सबै कुरा तयार गरिदिनुभएको छ। हामीले ती जानेर आज्ञा पालन गर्नु मात्र आवश्यक छ। अन्य सबै कुरा उहाँले गर्नुहुनेछ।

यसैले परिवारका एक एक सदस्यले आफ्नो परिवार निर्माण वा सुधारको निमित्त के गर्नुपर्छ विचार गरौं र काम गरौं। यो मेरो विचारले मात्र हुँदैन, पवित्र आत्मा हामीलाइ सहायता गर्न सधैं तयार हुनुहुन्छ। मागौं उहाँले दिनुहुन्छ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुरूजुधारा** | **भैंसेपाटी** |
| **भदौ २८**<br>September 13 | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | श्री<br>प्रेम आले मगर | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>दिल थापा | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>सिमोन खालिङ | श्री<br>पुरुषोत्तम न्यौपाने |
| **असोज ४**<br>September 20 | डीकन<br>सिमोन पाठक | श्री<br>सिद्धि खालिङ | एल्डर<br>जेम्स राई | पाष्टर<br>रोल्याण्ड रोंगोंग | डीकन<br>घनश्याम दाहाल | एल्डर<br>छयोगेन रोंगोंग | पाष्टर<br>बी. बी. खवास |
| **असोज ११**<br>September 27 | एल्डर<br>शामुएल क्षेत्री | पाष्टर<br>अशोक मुखिया | डीकन<br>अर्जुन ढकाल | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा<br>ललितपुर चर्च | संयुक्त सेवा<br>ललितपुर चर्च |
| **असोज १८**<br>October 4 | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | डीकन<br>मान बहादुर मगर | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. राजेन्द्र कु. रोंगोंग<br>पा. बी. बी. खवास | एल्डर<br>रूबेन श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |

# विषेश प्रार्थना

१) चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू र प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

२) असोज/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा नेपालका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा शरद सम्मेलनको लागि प्रार्थना गरिदिऔं ।

३) सबैको हित हुने ठीक संबिधान समयमा नै बनिन सकून भनी प्रार्थना गरिदिऔं, साथै संबिधान निर्माण समितिको लागि पनि ज्ञान बुद्धि मागी दिऔं ।

४) देशका उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेल मिलाप मागिदिऔ ।

५) देशको बिभिन्न भागमा बाढी पहिरोको कारण दुःख पाएकाहरूले समयमा नै राहतहरू पाउन सकून् साथै पुनःस्थापनको लागि प्रार्थना गरिदिऔं ।

६) येशू प्रभुको नाउको खातिर सारा संसारभरि दुःख कष्ट, खेदो सतावट सही रहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

७) नेइम अन्तर्गतका शाखा/आबद्ध मण्डलीहरू साथै बिभिन्न काम र अध्ययनको लागि बिभिन्न देशहरूमा जानुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

८) बिभिन्न माध्यमहरूद्वारा प्रचारिएको सुसमाचार सुन्ने व्यक्तिहरू साथै बाँडिएका पर्चाहरू पढ्ने व्यक्तिहरूको जीवनमा पवित्र आत्माले नै सत्यता बुझ्ने अनुग्रह दिऊन् र समय छँदा नै उहाँहरू प्रभुमा आउन सकून् ।

९) भर्माउने, प्रलोभन देखाउने, बहकाउने साबै झूटा शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरुन् ।

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ९:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, धापासी र साँखु |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल, साँखु |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन<br>बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी, कमलाक्षी, ताहाचल, बाँसघारी पतलीसडक |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश<br>दिउँसो ३:०० बजे पनौती |

**शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली**

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| **भदौ २८**<br>September 13 | पाष्टर<br>महेश थांजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घलान | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>जय सिंह |
| **असोज ४**<br>September 20 | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>दिनेश न्यौपाने | श्रीमती<br>रिना तामाङ्ग |
| **असोज ११**<br>September 27 | पा. महेश थांजु<br>श्री राज गुरुङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | पाष्टर<br>महेश थांजु | एल्डर<br>जमान घलान | एल्डर<br>सागर थापा | एल्डर<br>छयोदेन कार्थक | पाष्टर<br>रोल्याण्ड रोंगोंग | डीकन<br>जिल्बर्ट मेसो |
| **असोज १८**<br>October 4 | पा. महेश थांजु<br>श्री राज गुरुङ्ग | **शरद सम्मेलन २०१४/२०७१** | | | | पाष्टर<br>बर्णबास श्रेष्ठ | डीकन<br>घनश्याम दाहाल | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

## जानकारी

१) साउन ३१ गते/अगष्ट १६ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीका ५ जना सदस्यहरूले समर्पण गर्नुभयो ।

२) भदौ ७ गते/अगस्ट २३ तारिख नेइम जोरपाटी चर्चमा १ जनाको बाल अर्पण भयो ।

३) भदौ १४ गते/अगष्ट ३० तारिख नेइम ज्ञानेश्वर चर्चमा ७२ जना सदस्यहरूले समर्पण गर्नुभयो ।

## कार्यकारिणीको बैठक

असोज ९ गते/सेम्टेम्बर २५ तारिख बिहीबार नेइम **कार्यकारिणीको बैठक** नेइम ललितपुर मण्डलीमा ।



जहरसिंहपौवा बस्नुहुने, नेइम जहरसिंहपौवा चर्चका सदस्य श्रीमती सञ्चमाया वाइबा ४१ वर्षको उमेरमा भदौ ११ गते बुधबारका प्रभुमा सुत्नु भयो ।

## मिशनेरीहरुको लागि प्रार्थना

मिशनेरी श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), श्री लोक गुरूङ्ग र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी भारत) पाष्टर तिमोथी थापा र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर) र पाष्टर अब्राहाम श्रेष्ठ र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत) उहाँहरूको सेवकाई र मण्डलीको लागि साथै विभिन्न देश, विदेशमा रहेर मण्डलीहरूमा सेवकाई पुऱ्याइ राख्नुभएकाहरूका लागि प्रार्थना गरिदिऔं ।

## विषेश अनुरोध

१) मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२) मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि वा अगावै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३) आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजाने गरौं । जसको फलस्वरुप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदीबहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४) दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २२ 7<br>मण्डलीअन्तर्गतका संगतिहरूलाई अगुवाइ गरिराख्नुभएकाहरूले साँचो बोझ र समर्पणतामा बगालको हेरचाह गर्दै परमेश्वरमा डोऱ्याउन सकून् ।<br>२ तिमोथी ४:१-५ | २९ 14<br>सुसमाचार प्रचारको काम बढेर गएकोले धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>यूहन्ना १४:६, रोमी १०:१४-१७ | ५ 21<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाई मागिदिऔं ।<br>यशैया ४२:६-९ | १२ 28<br>सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुँदै जान सकून् ।<br>कलस्सी २:६-७ |
| **सोमबार**<br>**Monday** | २३ 8<br>प्रत्येक विश्वासीहरूले व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य बुझेर प्रार्थना गर्नेहरू हुँदै जान सकून् ।<br>रोमी १२:११-१३ | ३० 15<br>प्रत्येक विश्वासीहरू साक्षीको जीवन जिउनेहरू हुन सकून् ।<br>१ पत्रुस २:९-१२ | ६ 22<br>हामी कोही पनि विश्वासमा कमजोर भएकाहरूको न्याय गर्ने होइन तर उनीहरूको निम्ति बोझसहित प्रार्थना गर्नेहरू हुन सकौं ।<br>लूका ६:३७, रोमी १५:१-७ | १३ 29<br>परिवारको जीवनमा आइपर्ने विभिन्न समस्याहरूमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ |
| **मंगलबार**<br>**Tuesday** | २४ 9<br>मण्डलीका पूर्णकालिन सेवक / सेविकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी ३:१-६ | ३१ 16<br>मण्डलीका प्रत्येक परिवारले परमेश्वरलाई आफ्नो परिवारमा सधैं पहिलो स्थान दिन सकून् र पारिवारिक वेदी कहिल्यै ननिभेको होस् ।<br>याकूब ४:८, भजनसंग्रह १३२:७ | ७ 23<br>आफूले पाएको विभिन्न वरदानहरू विश्वास, प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | १४ 30<br>मण्डलीका सबै गुरुजनहरूको लागि साथै उहाँहरूको परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।<br>२ शमूएल ७:२५-२९ |
| **बुधबार**<br>**Wednesday** | २५ 10<br>परमेश्वरको वचन पढ्ने, सुन्ने र मनन् गर्ने भई आज्ञाकारी हुँदै जानेहरू हुन सकौं ।<br>मत्ती ४:४ भजनसंग्रह ११९:१०१-१०६ | १ असोज 17<br>मण्डलीमा भइरहेको उपाबास प्रार्थनामा परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्नलाई पवित्र आत्माले नै सहायता गरुन् ।<br>रोमी ८:२६-२७ | ८ 24<br>परिवारबीच साथै मण्डलीमा पनि साँचो एकता र प्रेम बढेर गएको होस् ।<br>यूहन्न १७:२१-२६ | १५ October 1<br>आखिरी दिनमा संसारमा देखिएका धेरै निरास गर्ने कुराबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>मत्ती २४:१-१३,२२, ४२ |
| **बिहीबार**<br>**Thursday** | २६ 11<br>प्रभुबाट टाढा भएकाहरू साँचो पश्चात्तापी भई समयमा नै प्रभुमा फर्कन सकून् ।<br>यर्मिया ३१:१६-२०, मीका ७:१८-१९ | २ 18<br>मण्डलीका सबै परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>कलस्सी ३:१८-२१ | ९ 25<br>आज हुने नेइम कार्यकारिणीको लागि प्रार्थना गरिदिऔं ।<br>यर्मिया २९:११ | १६ 2<br>आजबाट सुरुहुने सरद सम्मेलनको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५५:१-१३ |
| **शुक्रबार**<br>**Friday** | २७ 12<br>परमेश्वर आफ्नो वचनबाट हामीसँग बोल्नुहुन्छ । यसैले हामीहरूले उहाँको वचनमा ध्यान दिनेहरू भई आज्ञाकारी हुन सकौं ।<br>भजनसंग्रह ८५:८,यूहन्ना १०:२७ | ३ 19<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह ९५:१-१० | १० 26<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतामा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>भजनसंग्रह १२२:१-४ | १७ 3<br>पानीको बप्तिस्मा लिनुभएकाहरू र प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासी-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना १६:३३, १ पत्रुस ४:१२-१६ |
| **शनिबार**<br>**Saturday** | २८ 13<br>स्कूल, क्याम्पस, उच्च शिक्षाको र विभिन्न तालिम लिइराख्नुभएकाहरूको पढाइ, साथै तालिममा परमेश्वरको आशिष मागिदिऔं ।<br>हितोपदेश ३:१-६ | ४ 20<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ | ११ 27<br>मण्डलीका जवानहरू ख्रीष्टको असल साक्षी भएर जिउन सकून् ।<br>रोमी १२:१-२ | १८ 4<br>रीतिविधि र धर्मकर्ममा होइन तर परमेश्वरलाई साँचो आराधना र भक्ति चढाउनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२४ |

**हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजीक हुनुभएझैं ईश्वर यति नजीक भएको अरु कुनचाहिँ यति महान् जाति छ ? ।** **व्यवस्था ४:७**